Puspa Shrestha
Best Quality Resource Site for Class 11 And 12 Students
(Based on Updated Curriculum 2077)

Puspa Shrestha
Best Quality Resource Site for Class 11 And 12 Students (Based on Updated Curriculum 2077)
puspas.com.np
PDF Collections
Notes
Books
Model Questions

This PDF was downloaded from
puspas.com.np

---

Visit our website for more materials.

puspas.com.np

---

Follow us on:
AR Dinesh
puspas.com.np
Puspa Shrestha

पाठ १०

# कृषिशालामा एक दिन

(परियोजना कार्यका लागि गएका विद्यार्थीहरू कृषिशालाभित्र छिर्छन् । त्यहाँ उनीहरूको भेट बद्री विश्वकर्मासँग हुन्छ)

डोल्मा गुरुमा : नमस्कार बद्रीजी । आराम हुनुहुन्छ ? हामी त आयौँ नि ।



बद्री : नमस्कार । आराम छु हजुर । बेलैमा आउनुभएछ त । ल है, यताउता मिलेर बसौँ । किसानको घरमा बस्ने ठाउँ साँघुरो काम गर्ने ठाउँ फराकिलो हुन्छ क्यारे । नासपाती खाऊँ है त, म टिपेर ल्याउँछु ।

डोल्मा गुरुमा : अहिले पर्दैन बद्रीजी । पहिला घुमौँ न । खानेकुरा त पछि खाउँला नि ।

बद्री : जाने त ? लौ हिँड्नुहोस् त उसो भए ।

विद्यार्थीहरू : जाऔँ, जाऔँ ।

डोल्मा गुरुमा : सुन्नुहोस् त विद्यार्थी भाइबहिनीहरू, बद्रीजीले अर्थशास्त्र विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन गर्नुभएको छ । अध्ययनपछि उहाँले दश वर्षजति सरकारी सेवामा काम गर्नुभयो । अहिले चाहिँ जागिर छोडेर उहाँ यतातिर लाग्नुभएको हो । उहाँसँग दुवै समूहका प्रतिनिधिले आआफ्ना जिज्ञासाहरू राख्नुहोला । पूरक प्रश्न चाहिँ अन्य विद्यार्थीले पनि गर्न सक्नुहुनेछ । अँ साँच्चै, कति वर्ष भयो बद्रीजी तपाईंले कृषि कार्य गर्न थाल्नुभयो ?

बद्री : भयो नि छसात वर्ष ।

म्हेन्दो : अनि तपाईं त यत्रो पढेलेखेको मान्छे, सरकारी जागिर पनि रहेछ । पक्कै राम्रै हुँदो हो, यतातिर लाग्ने सोच कसरी बनाउनुभयो ?

| | |
|---|---|
| बद्री : | सायद म महत्त्वाकाङ्क्षी मान्छे रहेछु क्यारे । मेरो स्वभावसँग त्यो जागिर त्यति मिलेन । त्यसैले म मेरो नजरको कुनै सार्थक काम गरेर बाँकी जीवन बिताउन चाहन्थेँ । त्यसका लागि मैले धेरैतिर खोजेँ । अन्ततः कृषिकर्मले मलाई आकर्षित गर्‍यो । |
| म्हेन्दो : | तपाईंले कृषिलाई नै महत्त्व दिनुको कारण चाहिँ के हो नि ? |
| बद्री : | हेर्नुस्, व्यक्तिलाई कृषक बन्ने कि नबन्ने भनी छान्ने छुट होला तर मानव जातिलाई कृषि गर्ने कि नगर्ने भनी छान्ने छुट छैन । जुन दिन वैज्ञानिकहरूले नखाईकन पनि बाँच्ने मानिसहरू जन्माउन थाल्लान् । त्यसपछि मात्रै कृषि मानव जातिका लागि वैकल्पिक पेसा हुने छ । आजका दिनमा चाहिँ एउटाले नगरे अर्काले, अर्काले नगरे तेस्रोले, कसै न कसैले त किसान हुनु नै छ । त्यसैले कृषिकर्म व्यक्तिगत रुचिअरुचिको काम मात्रै होइन, यो मानव जातिको अस्तित्वसँग जोडिएको आधारभूत काम पो हो त । |
| डोल्मा गुरुमा : | हेर म्हेन्दो, बाँच्नका लागि आवश्यक पर्ने सम्पूर्ण पोषणको मुख्य स्रोत नै खाद्य पदार्थ हो । खाद्य पदार्थ नै हामीलाई बचाउने औषधी हो, अमृत हो । कृषि नभई खाद्य पदार्थको उत्पादन कसरी हुन्छ र ? त्यसैले कृषि पेसा त आफूलाई मात्र होइन, संसारलाई बचाउने कर्म पनि त हो नि । |
| बद्री : | डोल्माजीले भन्नुभएको कुरा सही हो । अर्कातिर अहिले खेतीयोग्य जमिन बाँझो हुने क्रम बढिरहेको छ । प्राकृतिक र जैविक विविधतायुक्त उर्वर जमिन भएर पनि खाद्य पदार्थ विदेशबाट किन्नुपर्ने बाध्यता छ । यसले स्वदेशको पैसा विदेशतिर गइराखेको छ । कृषि उपजमा समेत वैदेशिक व्यापार घाटा छ । यस्तो बेलामा तपाईं हामी जस्ता पढेलेखेका मान्छेले यस विषयमा नसोच्ने हो भने कसले सोच्छ र ? मलाई लाग्छ, सामान्य जागिर खानुभन्दा बाँझो जमिनमा अन्न, फलफूल, तरकारी फलाउनु बढी महत्त्वको कुरा हो । यसबाट राज्यले कल्पना गरेको समृद्धि, स्वरोजगार र पर्यावरण संरक्षणको क्षेत्रमा योगदान हुन्छ । |
| रामभरोस : | कृषि पेसालाई दुःखी पेसा भन्छन् । दुःख त तपाईंले पनि पाउनुभएकै होला । कहिलेकाहीँ त खुरुखुरु जागिरै खाएको भए हुने रहेछ जस्तो लागेको छैन हजुरलाई ? |

बद्री : आआफ्नो सोचको कुरो हो यो पनि । हेर्नुहोस्, आनन्द भन्ने कुरा पनि सापेक्षित हुँदो रहेछ । स्वस्थ जीवनका लागि शारीरिक श्रमको महत्त्व नबुझेको भए पसिना बगाउँदा मलाई दुःख लाग्थ्यो होला । आफूले रोपेको बिरुवा हुर्किंदा मलाई आफ्नै सन्तान हुर्कँदै गरेको जस्तो लाग्छ । पछि परन्तुको कुरा होइन, अहिले तत्काल नै म हुर्किँदै गरेका बिरुवा हेरेर रोमाञ्चित हुन्छु । फुल्दै गरेका फूल र फल्दै गरेका फलहरूले मेरो जीवन सार्थक बनाए जस्तो लाग्छ । साँच्चै भनुँ भने संसारको सबैभन्दा राम्रो काम गर्ने अवसर मलाई यहीँ मिलेको जस्तो लाग्छ ।

म्हेन्दो : यो त भावनाको कुरा भयो, खासमा खेतीपाती गरेर जिन्दगी चलाउन गाह्रो हुँदैन र ?

बद्री : जीवनको गाह्रोसारो पनि भावनासँग नै जोडिने कुरा हो नि । सामान्यतः मन परेको काममा कमाइ थोरै भए पनि चित्त बुझ्छ । फेरि मैले जुन पद्धतिको खेतीपाती गरिरहेको छु, त्यसबाट हाम्रो परिवार मजाले चलेको छ । सामान्यतः हामी मल, बिउ, औषधी बजारबाट किन्दैनौँ । रासायनिक खेती भएको भए किसानको धेरै पैसा बजारतिर जान्थ्यो । यो त प्राकृतिक खेती हो । त्यसैले हामी उत्पादन कार्यका लागि प्रायः केही किन्दैनौँ, उपज भने खुरुखुरु बेच्छौँ । उत्पादनमा लागत कम छ तर उत्पादित वस्तुको मूल्य चाहिँ धेरै पाइन्छ । स्वास्थ्यमैत्री हुनाले हाम्रो उत्पादन सजिलैसँग यहींबाटै बिक्छ, बजारको कुनै समस्या छैन ।

भगतसिंह : अनि मल र औषधी नहालीकन पनि राम्रो उत्पादन हुन्छ त ?

बद्री : मैले मल र औषधी नै हाल्दिनँ कहाँ भनेको हो र ? बजारबाट किनेर हाल्दिनँ पो भनेको त । मैले आफूलाई चाहिने मल र औषधी यहीँ बनाउँछु नि ।

रामभरोस : कसरी नि ?

बद्री : मल बनाउने त सजिलो तरिका छ । यी हेर्नुहोस्, यस भाँडामा २०० लिटर पानी, दश लिटर गहुँत, दश किलो गोबर, एक किलो गुँड, एक किलो दालको पिठो र वरपिपलको फेदको एक मुठी माटो राम्रोसँग मिसाइएको छ । यसलाई मैले आज बिहान तयार पारेको हुँ । पर्सि बिहानसम्म यसलाई यसरी नै ढाकेर राख्नुपर्छ । साँझ बिहान लौराले चलाउनुपर्छ । त्यसपछि यो लेदोलाई मलका रूपमा प्रयोग गर्न सकिन्छ । महिनामा एक पटक सर्सर्ती बोटबिरुवाका फेदमा छर्किएपछि त बिरुवालाई मलैमल भइहाल्छ नि ।

भगतसिंह : औषधी कसरी बनाउनुहुन्छ त ?

बद्री : औषधी पनि सजिलै बनाउन सकिन्छ । सामान्यतः गाईवस्तुले नखाने खालका दशबाह्र थरी रुखका पातहरूको रस गहुँतसँग मिसाएर बोटबिरुवामा छर्ने हो भने अधिकांश रोगको नियन्त्रण गर्न सकिन्छ । त्यसमा खुर्सानी, निम, लसुन, बेसार, बोझो जस्ता जडीबुटी मिसाउने हो भने त सुनमा सुगन्ध भइहाल्यो ।

म्हेन्दो : ए त्यसो भए तपाईंले रासायनिक मल र औषधीको प्रयोग फिटिक्कै गर्नुभएको छैन त ?

बद्री : छैन, त्यसैले हाम्रो उत्पादन मानव स्वास्थ्यका लागि हानिकारक छैन । अघि गुरुआमाले खाद्यान्न अमृत हो भन्नुभएको थियो नि, त्यो चाहिँ यस्तै उत्पादनलाई भन्नुभएको हो ।

हर्कध्वज : हैन तपाईंले त खेतबारीलाई पुरै जङ्गल जस्तो पो बनाउनुभएको छ त ?

बद्री : हो त, यो वनजङ्गलकै पारामा गरिने खेती प्रणाली हो । हामीले यहाँ विशेषतः फलफूल र औषधीका बोटहरू लगाएका छौं । यहाँ यो उचाइमा पाइने सबै अग्लाहोचा रुखहरूलाई पञ्चस्तरीय ढाँचामा व्यवस्थित गरिएको छ । बिच बिचमा जलप्रबन्धनका लागि नाली पनि छन् । हेर्नुहोस् त, मैले गरेको कृषिमा बोटबिरुवाको सहअस्तित्वलाई स्वीकार गरिएको छ । यहाँ एउटा फसलले अर्को फसललाई सहयोग गर्छ । एउटाले नचाहिने भनेर माटामा फ्याँकेको तत्त्व अर्को बिरुवाले मलका रूपमा लिन्छ । एउटा बिरुवाको बासनाले अर्को बिरुवामा रोग लाग्दैन । केही न केहीको उत्पादन बर्सैभरि भइरहन्छ, बेचिरहन पनि पाइन्छ ।

भगतसिंह : भनेपछि फलफूल बेच्ने अनि अन्न र तरकारी चाहिँ बजारबाट किन्ने ?

बद्री : होइन, मैले अन्न र तरकारीका लागि उः परको ठाउँ छानेको छु । त्यहाँ वरिपरि ठुला ठुला रूखहरू छन् जसले हावाको गति र रोगको आक्रमणलाई रोक्नुका साथै अन्न र तरकारीको उत्पादनका लागि उपयुक्त खालको प्राकृतिक वातावरण तयार पार्छन् ।

(सबै जना त्यतैतिर लाग्छन् ।)

रामभरोस : यी भर्खर रोपेका बेर्नाका फेदमा सुकेका पातपतिङ्गर किन हाल्नुभएको नि ?

बद्री : ए यो, मैले यसलाई आच्छादन भन्ने गरेको छु । यसो गरेपछि बालीमा अनावश्यक झारपात पनि उम्रिँदैनन् अनि जमिनको चिसोपन पनि सुक्न पाउँदैन । अघि देखाएको लेदो हल्का छरिदिएपछि बिस्तारै यो कुहिन्छ र बिरुवालाई मल पनि हुन्छ । हामीले खाने उत्पादित फसलबाहेक बाँकी रहेको सबै झ्यासझुस यसरी नै आच्छादन गरेपछि बिरुवालाई मलको अभाव नै हुँदैन नि । माटामा जति थियो त्यति नै रहेन त ? लिएको फसलको बदलामा महिनामा एक पटक लेदो छर्किने । हिसाबकिताब बराबर ।

हर्कध्वज : उता चाहिँ जङ्गलकै ढाँचामा खेती गर्नुभएको छ । यता पनि खेतबारीको वरिपरि रुखहरू रोप्नुभएको छ । यसैको छायाले बालीनाली बिगार्दैन ?

बद्री : सबै बिरुवालाई उत्तिकै घाम चाहिँदैन । एक पटक तपाईं जङ्गलको वातावरण अनुमान गर्नुहोस् । त्यहाँ अनगिन्ती रुखबिरुवा हुन्छन् । सबै बाँचेकै छन्, हुर्केकै छन्, फलेकै छन् । जङ्गलका बिरुवामा तपाईं जाच्नुहोस्, कुनै तत्त्वको कमी हुँदैन । त्यही विज्ञान यहाँ लागु हुन्छ ।

म्हेन्दो : तर एउटा कुरा हजुर, जङ्गलमा त मल, पानी र खनजोत केही त गरिँदैन । खेतीमा पनि त्यही नियम ल्याउन खोजेर हुन्छ होला त ?

बद्री : हुन्छ । उताको मेरो बागवानी त्यही मोडलको त हो नि, भइराखेको छ ।

भगतसिंह : तपाईंको कुरा अलि अनौठो लाग्यो । त्यसो भएदेखि रासायनिक मल र विषादीको प्रयोग गरेर खेती गर्नु नै हुँदैन त ?

बद्री : मैले प्रयोग गर्नुहुँदैन भनेको छैन । कुरो यत्ति हो कि मैले प्रयोग गरेको छैन । प्रयोग नगरी पनि यसरी नै गजबसँग उत्पादन गर्न सकिन्छ भने किन प्रयोग गर्नुपर्‍यो र ? यदि कसैले गर्ने नै विचार गर्छ भने कृषिविद्को सल्लाहमा माटो, हावा, पानी नबिग्रने गरी गर्नुपर्‍यो । मानव स्वास्थ्यलाई विचार गरेर गर्नुपर्‍यो । जमिनलाई उर्वर बनाउन गर्नुपर्‍यो, बन्जर बनाउन होइन । खासमा कृषि क्षेत्रमा जथाभावी रूपमा रासायनिक मल र विषादीको प्रयोग गर्नाले हामीले खाद्यपदार्थसँगै बिख खाइराखेका छौं । त्यति मात्रै होइन, रासायनिक मल तथा विषादीहरूको अत्यधिक प्रयोग गरेर पानीका स्रोत र सास फेर्ने हावासमेत विषाक्त बनाएका छौं । माटोसमेत बर्बाद बनाएर असङ्ख्य जलचर र स्थलचर जीवहरूको हत्या गरेका छौं । प्राणीहरूको जीवन रक्षाको आदर्शलाई भुलेर यसरी विषादी प्रयोग गर्नु अपराध कर्म होइन ? मलाई लाग्छ, यो राम्रो

|  |  |
|---|---|
|  | भइराखेको छैन । त्यसैले त बेला बेलामा प्रकृतिले अनेक रोगका नाममा हामीहरूलाई पनि सजाय दिइराखेको छ, हैन र ? |
| डोल्मा गुरुमा : | ठिक कुरा हो बद्रीजी, रासायनिक मल र विषादीको प्रचुर प्रयोगबाट गरिने उत्पादन प्राकृतिक उत्पादन नै होइन । त्यो त मानवनिर्मित कृत्रिम पदार्थ हो । खासमा त्यो खानेकुरा नै होइन, खानेकुरा जस्तै देखिने विषालु वस्तु हो । |
| बद्री : | हेर्नुस् डोल्माजी, हामीले त नेपालको कृषि क्षेत्रमा रहेका परम्परागत ज्ञान र अनुभवलाई जोगाउनुपर्ने छ । हाम्रा पुर्खाहरूले जोगाएर हामीलाई सुम्पेका बिउबिजन हराउँदै गएका छन्, भविष्यका लागि तिनको संरक्षण र प्रवर्धन गर्नुपर्ने छ । कृषि कर्मलाई सम्मानित कर्मका रूपमा स्थापित गर्नुपर्ने छ । तर के गर्नु ? नेपालको करिब दुई तिहाइ जनसङ्ख्या कृषि क्षेत्रमा आश्रित छन् तैपनि आजका प्रायः विद्यार्थीले आफूलाई भोलिको किसान भन्ने सोचेको छैन । कृषिकै अध्ययन र अनुसन्धानमा लागेका कृषि वैज्ञानिकहरू, नीति निर्माताहरू, जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरू वा कृषि अभियन्ताहरूले पनि आफ्ना सन्तानलाई किसान बनाउन खोजेका छैनन् । पढेलेखेको मान्छेले म अब कृषि कर्म अपनाउँछु भनी निर्णय लियो भने त्यसलाई अर्कै नजरले हेर्ने वातावरण छँदै छ । यो मनोविज्ञानलाई नबदलेसम्म हामी कसरी समृद्ध बन्न सक्छौँ र ? |
| डोल्मा गुरुमा : | तपाईंको कुरा मननीय छ बद्रीजी । तपाईंको यो कृषिशाला कृषिशाला मात्रै होइन, ज्ञानशाला पनि रहेछ । तपाईंलाई धेरै धेरै धन्यवाद । ल विद्यार्थी साथीहरू, हामी अब फर्कने तरखर गर्नुपर्छ है । |
| बद्री : | पख्नोस् पख्नोस्, फलफूल खाएर मात्रै फर्कनुपर्छ । म टिपिहाल्छु । |
|  | (सबै विद्यार्थीहरू गुरुमाको अनुहारतिर हेरेर हाँस्छन् ।) |

## शब्दभण्डार

१. **तल दिइएका अर्थ दिने शब्दहरू पाठबाट खोजेर लेख्नुहोस् :**

(क) सोच्न लायक

(ख) बालीनाली

(ग) अर्थपूर्ण

(घ) पानीमा बसेर जीविका गर्ने प्राणी

(ङ) विषयुक्त

(च) बिउ छरेपछि माटालाई पातपतिङ्गरले छोप्नु

(छ) एउटै स्थानमा पाँच फरक उचाइ हुने वृक्ष लगाउने

**२. दिइएका शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।**

गहुँत, उर्वर, स्थलचर, जलप्रबन्धन, कृषिविद्, प्रवर्धन, समृद्ध, अभियन्ता, महत्त्वाकाङ्क्षी, ज्ञानशाला

**३. दिइएका पदावलीहरूको प्रयोग गरी एउटा अनुच्छेद तयार पार्नुहोस् :**

परम्परागत ज्ञान, प्राकृतिक वातावरण, रासायनिक मल, पर्यावरण संरक्षण, कृषि वैज्ञानिक

## बोध र अभिव्यक्ति

**१. 'कृषिशालामा एक दिन' पाठ पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) संवादमा कति जना पात्रहरू सहभागी छन् ?

(ख) सबैभन्दा धेरै पटक प्रश्न गर्ने विद्यार्थी कुन हो ?

(ग) यो संवाद कुन स्थानमा गरिएको हो ?

(घ) कुन पात्रले खाद्यपदार्थलाई औषधी भनेको छ ?

(ङ) सबैभन्दा छोटो संवाद कसले बोलेको छ ?

**२. दिइएका भनाइहरू ककसका हुन्, पत्ता लगाउनुहोस् :**

(क) यहाँ एउटा फसलले अर्को फसललाई सहयोग गर्छ ।

(ख) दुःख त तपाईंले पनि पाउनुभएकै होला ।

(ग) कृषि पेसा त आफूलाई मात्र होइन, संसारलाई बचाउने कर्म पनि त हो नि ।

(घ) यता पनि खेतबारीको वरिपरि रुखहरू रोप्नुभएको छ ।

(ङ) तपाईंको कुरा अलि अनौठो लाग्यो ।

(च) तपाईंको यो कृषिशाला कृषिशाला मात्रै होइन, ज्ञानशाला पनि रहेछ ।

३. 'कृषिशालामा एक दिन' पाठलाई हाउभाउसहित पढी संवादमा प्रश्न र उत्तरको शृङ्खला के कस्तो रहेको छ, समूहगत छलफल गर्नुहोस् ।

**४. पाठमा रहेको 'मैले प्रयोग....हैन र ?' संवादांश पढी दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) के गर्दा जमिन उर्वर बन्छ ?

(ख) पानीका स्रोत विषाक्त हुनाको कारण के हो ?

(ग) संवादमा के कर्मलाई अपराध भनिएको छ ?

(घ) प्रकृतिले हामीलाई कसरी सजाय दिइराखेको छ ?

**५. दिइएको संवादांश पढ्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

जीवनको गाह्रोसारो पनि भावनासँग नै जोडिने कुरा हो नि । सामान्यतः मन परेको काममा कमाइ थोरै भए पनि चित्त बुझ्छ । फेरि मैले जुन पद्धतिको खेतीपाती गरिरहेको छु, त्यसबाट हाम्रो परिवार मजाले चलेको छ । सामान्यतः हामी मल, बिउ, औषधी बजारबाट किन्दैनौँ । रासायनिक खेती भएको भए किसानको धेरै पैसा बजारतिर जान्थ्यो । यो त प्राकृतिक खेती हो त्यसैले हामी उत्पादन कार्यका लागि प्रायः केही किन्दैनौँ, उपज भने खुरुखुरु बेच्छौँ । उत्पादनमा लागत कम छ तर उत्पादित वस्तुको मूल्य चाहिँ धेरै पाइन्छ । स्वास्थ्यमैत्री हुनाले हाम्रो उत्पादन सजिलैसँग यहीँबाटै बिक्छ, बजारको कुनै समस्या छैन ।

**प्रश्नहरू**

(क) प्राकृतिक खेती गर्दा के फाइदा हुन्छ ?

(ख) "मन परेको काममा कमाइ थोरै भए पनि चित्त बुझ्छ ।" यस कथनलाई पुष्टि गर्नुहोस् ।

**६. दिइएको संवादांश पढ्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

हामीले त नेपालको कृषि क्षेत्रमा रहेका परम्परागत ज्ञान र अनुभवलाई जोगाउनुपर्ने छ । हाम्रा पुर्खाहरूले जोगाएर हामीलाई सुम्पेका बिउबिजन हराउँदै गएका छन्, भविष्यका लागि तिनको संरक्षण र प्रवर्धन गर्नुपर्ने छ । कृषि कर्मलाई सम्मानित कर्मका रूपमा स्थापित गर्नुपर्ने छ । तर के गर्नु ? नेपालको करिब दुई तिहाइ जनसङ्ख्या कृषि क्षेत्रमा आश्रित छन् तैपनि आजका प्रायः विद्यार्थीले आफूलाई भोलिको किसान भन्ने सोचेको छैन । कृषिकै अध्ययन र अनुसन्धानमा लागेका कृषि वैज्ञानिकहरू, नीति निर्माताहरू, जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरू वा कृषि अभियन्ताहरूले पनि आफ्ना सन्तानलाई किसान

बनाउन खोजेका छैनन् । पढेलेखेको मान्छेले म अब कृषि कर्म अपनाउँछु भनी निर्णय लियो भने त्यसलाई अर्कै नजरले हेर्ने वातावरण छँदै छ । यो मनोविज्ञानलाई नबदलेसम्म हामी कसरी समृद्ध बन्न सक्छौँ र ?

**प्रश्नहरू**

(क) हाम्रा मौलिक बिउबिजन कसरी जोगाउन सकिन्छ ?

(ख) कृषिकर्मलाई सम्मानित कर्मका रूपमा स्थापित गर्न के के गर्नुपर्ला ?

७. **उत्तर लेख्नुहोस् :**

(क) कृषिकर्म किन मानवजातिको अस्तित्वसँग गाँसिएको छ ?

(ख) वनजङ्गल र कृषिको सम्बन्ध कस्तो छ ?

(ग) जैविक मल र औषधी कसरी बनाउन सकिन्छ ?

(घ) आच्छादन प्रक्रियाका फाइदाहरू बताउनुहोस् ।

(ङ) कृषि कर्मका बारेमा तपाईंका विचारहरू प्रस्तुत गर्नुहोस् ।

८. **समीक्षात्मक उत्तर दिनुहोस् :**

(क) दिगो कृषि पद्धतिका लागि के कस्ता कुरामा ध्यान पुऱ्याउनुपर्छ ?

(ख) "वातावरण प्रदूषणको मूल कारण मान्छे नै भएकाले यसको समाधान पनि मानिसले नै गर्नुपर्छ ।" संवादात्मक सन्दर्भसमेत ख्याल गरी आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

९. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

नेपाल खुला एवम् बजारोन्मुख अर्थव्यवस्था भएको मुलुक हो । हाम्रो देशले आफ्नै स्रोतसाधनको परिचालन गरी आर्थिक विकास र गरिबी निवारणको वाणिज्य नीति अवलम्बन गरेको छ । अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नु र व्यापार व्यवसायको प्रवर्धन गर्नु यसको मूल उद्देश्य हो । सामान निकासी, पैठारीलाई समयानुकूल बनाई राजस्व सङ्कलन गर्दा देशको अर्थतन्त्रमा टेवा पुग्छ । आफ्नो देशमा उत्पादित जडीबुटी तथा कृषिजन्य वस्तुलाई व्यवस्थापन गरी मुनाफा आर्जन गर्न सकिने ढाँचामा हाम्रो वाणिज्य नीति तय भएको छ । व्यापारघाटा कम गर्न र रोजगारीको सङ्ख्यामा वृद्धि गर्न यस नीतिले सहयोग पुऱ्याउने अपेक्षा लिइएको छ । प्राकृतिक र जैविक विविधताले युक्त यस देशमा पशुपन्छी र वनस्पतिजन्य उत्पादनलाई उचित प्रविधि र जनशक्तिको संयोजनद्वारा निर्यात प्रवर्धन

गर्न सकिने सम्भावना टरेको छैन । लघु उद्योग, घरेलु उद्योगलाई प्रोत्साहत गर्दै नेपाली माटो सुहाउँदो अर्थतन्त्र निर्माणतिर लाग्ने हो भने राज्यको राजस्व सङ्कलनमा पनि वृद्धि हुन्छ । देशभित्रै रोजगार सिर्जना गर्नका लागि उद्योग व्यवसाय सञ्चालनार्थ राज्यले निजी क्षेत्रलाई पनि प्रोत्साहित गर्न सके हाम्रो अर्थव्यवस्था मजबुत बन्न पुग्छ । यसरी सरकारले सहजकर्ताको भूमिका निर्वाह गरी उत्प्रेरक र नियामक निकायबाट अनुगमनसमेत गर्दै निजी क्षेत्रको पनि सक्रिय सहभागितामा देशलाई आर्थिक समृद्धिको बाटामा हिँडाउन सक्छ ।

**प्रश्नहरू**

(क) नेपालले कस्तो वाणिज्य नीति अवलम्बन गरेको छ ?

(ख) राजस्वमा वृद्धि कसरी गर्न सकिन्छ ?

(ग) देशको समृद्धिमा निजी क्षेत्रको भूमिका कस्तो हुन्छ ?

(घ) 'जैविक विविधता र गरिबी' निवारण पदावलीको अर्थ लेख्नुहोस् ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १० सुन्नुहोस् र छुटेका शब्द भरी वाक्य पूरा गर्नुहोस् :**

(क) ऋतुहरू फेरिनु, उचाइअनुसार तापक्रम फरक पर्नु ........................................... नियम नै हो ।

(ख) हावापानीको चक्रमा देखा परेको यस्तो ........................................... परिवर्तनलाई नै जलवायु परिवर्तन भनिएको छ ।

(ग) विकास निर्माणका नाममा ........................................... प्रभावको अध्ययन नगरी गरिने गतिविधि नै जलवायु परिवर्तनको मुख्य कारण हो ।

(घ) वायुमण्डलको संरचनामा भूमिका निर्वाह गर्ने ग्याँसहरूको अनुपातमा फेरबदलले र मूलतः ...........................................को मात्रा बढ्नाले पृथ्वीको तापक्रम बढ्न थालेको छ ।

(ङ) बाढीपहिरो, अनावृष्टि, ........................................... खण्डवृष्टिलगायतका प्राकृतिक प्रकोप बढेको छ ।

(च) जलवायुमा देखा पर्ने यस्तो अस्वाभाविक परिवर्तनले सारा प्राणीका साथसाथै मानवजातिकै ............................. सङ्कटमा पर्न सक्ने स्थिति देखापरेको छ ।

२. **दिइएका अर्थ दिने पारिभाषिक शब्द पाठबाट खोजेर भन्नुहोस् :**

(क) पानी कम पर्नु

(ख) दूषित पार्ने काम

(ग) पहाडको भित्रभित्रै बनाइएको बाटो

(घ) पृथ्वीको चारैतिर रहेको हावाको आवरण

(ङ) अणु वा न्युक्लियरबाट बन्ने हतियार बनाउने ठाउँ

(च) कुनै पनि स्थानको प्राकृतिक वा वातावरणीय स्थितिमा परिवर्तन

(छ) वरिपरि पानीले घेरिएका बिचमा उठेको भूभाग

३. **मौखिक उत्तर दिनुहोस् :**

(क) जलवायु परिवर्तन के कारणले हुन्छ ?

(ख) जलवायु परिवर्तनका असरहरू के के हुन् ?

(ग) जलवायु परिवर्तनमा सुधार ल्याउन के गर्नुपर्छ ?

४. **प्रदूषणका बारेमा लेखिएका समाचारहरू र पत्रपत्रिकाहरू सङ्कलन गरी कक्षामा ल्याएर सुनाउनुहोस् ।**

५. **कुनै एक साहित्यिक गोष्ठीको आयोजनाका लागि एउटा आयोजक समिति बनाउनुहोस् । उक्त समितिले कार्यक्रमको रूपरेखा तयार पारी कार्यक्रम हुने मिति, स्थानको सूचना जारी गर्नुहोस् । उक्त कार्यक्रममा रुचिअनुसार कविता, गीत, कथा आदि सुनाउन लगाउनुहोस् । यसका लागि दुई जना उद्घोषक, दुई जना समीक्षक पहिले नै तय गर्नुहोस् । कार्यक्रमलाई सकेसम्म प्रतिस्पर्धात्मक बनाई शिक्षकको समेत सहायताले कार्यक्रम सम्पन्न गर्नुहोस् ।**

## भाषातत्त्व

**समास र विग्रह**

१. **दिइएको गद्यांशमा रेखाङ्कन गरिएका पदावलीलाई एउटै समस्त शब्द बनाई लेख्नुहोस् :**

अब भानिज दाइका कुरा सुनौँ, धेरै वाद र विवाद नगरौँ । हामी प्रत्येक दिन झन् पछि झन् रोगले ग्रस्त बन्दै गएका छौँ । त्यसैले बारीमा लगाइएको गाजर र मुला निकालौँ र खाऔँ । लोकको हितका लागि के कस्तो अन्न र जल चाहिन्छ भन्ने विषयमा प्रत्येक वर्ष गाउँको पालिकामा बहस गरौँ । हामीसँग हिमको आलय छ, जीवनरूपी गीत छ त्यसैले कूपको मण्डुक नबनौँ ।

२. **दिइएको अनुच्छेदका गाढा शब्दलाई विग्रह गरी देखाउनुहोस् :**

**सान्नानी पूजासामग्री** लिएर **बाटापारि**को मन्दिरतिर गइन् । म **पीताम्बर**सँग **बाघचाल** खेल्दै थिएँ । **नियमपूर्वक** व्रत बसी **आजभोलि** पनि यसरी **धर्मकर्म**मा लागेको र **चक्रपाणि**को स्तुति गरेको देखेर म **दोधार**मा परेँ । उनी **चौबन्दी** र **माखिबुट्टे** गुन्युमा सजिएकी थिइन् । उनले मलाई पनि **पञ्चामृत** र **फूलपाती** दिइन् । मैले उनको थालीबाट **सयपत्री** र **लालुपाते** निकालेँ । त्यही बेला **पल्लाघर**का **नीलकण्ठ** काका टुप्लुक्क आउनुभयो । उहाँले मलाई **षड्दर्शन** र **अष्टाध्यायी** पढ्न सुझाउनुभयो ।

३. **पाठबाट समस्त शब्द खोज्नुहोस् र ती शब्द कसरी बनेका हुन्, बताउनुहोस् ।**

४. **समस्त शब्द भए विग्रह अनि विग्रहका अवस्थामा भए समस्त शब्द बनाउनुहोस् :**

महाकवि, बाछिटा, फेदनटुप्पो, रतन्धो, नौ रसको समूह, दाजु र भाइ, हाड जस्तो ओखर, हृष्ट र पुष्ट, न ऋण न धन, सात मातृकाको समूह, बाढीपीडित, चार पाउ भएको, चरिनङ्ग्रे, मुठा जत्रा जुँगा भएको, बोकेदारी, चन्द्र जस्तो बिन्दु, लम्कन्ना, कालीमाटी, लम्ब उदर भएको, लामो खुट्टा भएको

५. **माथि परेका बाहेक विभिन्न प्रकारका समस्त शब्दहरू खोजी कक्षामा प्रस्तुत गर्नुहोस्, त्यस्ता शब्दको विग्रह कसरी गर्न सकिन्छ भनी छलफल गर्नुहोस् ।**

## सिर्जना/परियोजना

१. **'जहाँ जङ्गल, त्यहाँ मङ्गल' शीर्षकमा एउटा छोटो संवाद तयार गर्नुहोस् ।**

२. **वातावरण जोगाउन के गर्न सकिएला भन्ने बारेमा चार जना साथीहरूको समूह बनाई छलफल गर्नुहोस् र श्रोता साथीहरूले त्यसलाई टिपोट गरी संवादको रूप दिनुहोस् ।**

३. **'स्वस्थ जीवनका रहस्यहरू' शीर्षकमा आवश्यक विषयवस्तु सङ्कलन गरी एउटा प्रवचन कार्यक्रम सञ्चालन गर्नुहोस् ।**

## सुनाइ पाठ १०

### जलवायु परिवर्तनका असरहरू

परिवर्तन शाश्वत प्रक्रिया हो । हिउँदमा जाडो हुनु र बर्खामा गर्मी हुनु परिवर्तनको नियम नै हो । ऋतुहरू फेरिनु, उचाइअनुसार तापक्रम फरक पर्नु प्राकृतिक नियम नै हो तर प्रकृतिले सिर्जना गरेको परिवर्तनको स्वाभाविक गतिमा मानवीय गतिविधिले बाधा हाल्नाले

हावापानीको स्वाभाविक चक्रमा अस्वाभाविक परिवर्तनहरू देखा परेका छन् । हावापानीको चक्रमा देखा परेको यस्तो अस्वाभाविक परिवर्तनलाई नै जलवायु परिवर्तन भनिएको छ । यस्तो परिवर्तनले पृथ्वीको सम्पूर्ण प्राणी तथा वनस्पति जगत्का साथै स्वयम् पृथ्वीको जीवनमा ठुलो असर परेको छ ।

जलवायुको स्वाभाविक गतिमा प्रभाव पर्नाको मुख्य कारण मानवीय गतिविधि नै हो । विकास निर्माणका नाममा वातावरणीय प्रभावको अध्ययन नगरी गरिने गतिविधि नै जलवायु परिवर्तनको मुख्य कारण हो । यस क्रममा मानिसद्वारा खोलिएको ठुला ठुला कारखानाहरू, वनविनाश गर्दै बसाइएका मानवबस्तीहरू, प्राकृतिक संरचनालाई भत्काउँदै बनाइएका बाटाहरू, सुरुङहरू, यातायातका साधनहरू, आणविक भट्टीहरू आदिको सङ्ख्या वृद्धिसँगै वातावरणीय प्रदूषण बढेको छ र वायुमण्डलमा रहेका कार्बनडाइअक्साइडलगायतका अन्य हरितगृह प्रभावअनुरूप ग्यासहरूको मात्रामा वृद्धि भएको छ । वायुमण्डलको संरचनामा भूमिका निर्वाह गर्ने ग्याँसहरूको अनुपातमा फेरबदलले र मूलतः कार्बनडाइअक्साइडको मात्रा बढ्नाले पृथ्वीको तापक्रम बढ्न थालेको छ । पृथ्वीको तापक्रममा आएको यस्तो अस्वाभाविक वृद्धि नै जलवायु परिवर्तनको प्रमुख कारण बनेको छ । पृथ्वीको तापक्रममा आएको अस्वाभाविक वृद्धिले हिउँ पग्लिने क्रम बढेको छ । हिमालहरू काला पत्थरमा रूपान्तरण हुँदै छन् । यसले गर्दा निश्चित हावापानीमा रम्ने जीवजन्तु र वनस्पतिको जीवन सङ्कटग्रस्त भएको छ । बाढीपहिरो, अनावृष्टि, अतिवृष्टि, खण्डवृष्टिलगायतका प्राकृतिक प्रकोप बढेको छ । समुद्रको सतह बढ्दै गएको छ र समुद्री तटका बस्तीहरूलगायत मालदिभ्स जस्ता टापुहरू डुबानमा पर्दै छन् । केही नयाँ जीवहरूको जन्म हुँदै छन् र धेरै पुराना जीवहरू लोप हुँदै छन् । यसले गर्दा जैविक विविधताले कायम गराउने वातावरणीय सन्तुलन धरापमा परेको छ । जलवायुमा देखापर्ने यस्तो अस्वाभाविक परिवर्तनले सारा प्राणीका साथसाथै मानवजातिकै अस्तित्व सङ्कटमा पर्न सक्ने स्थिति देखा परेको छ ।

त्यसैले जलवायु परिवर्तनले निम्त्याउने यस्ता खतराहरूलाई नियन्त्रण गर्न, मानव अस्तित्वका साथै स्वयम् पृथ्वीको अस्तित्वलाई जोगाइराख्न मानवीय अतिवादितालाई हामी मान्छेले नै रोक्नु अपरिहार्य बनेको छ । विकासको नाममा विनाशको महाखाडलतर्फ लम्कने दुष्प्रयासलाई निरुत्साहित गर्नुपरेको छ । यो काम व्यक्ति, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय समुदायको संयुक्त प्रयासबाट मात्र सम्भव हुन्छ ।